**Tribhuvan University Journal**
**Vol. 39, No. 2: 287-298, December 2024**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v39i2.73017**

**This work is licensed under the Creative Commons CC BY-NC License.**
**https://creativecommons.org/licenses/by-nc/4.0/**

# विद्यालय तहमा निबन्ध शिक्षणका विधि र प्रक्रियाको उपयोग

***नारायणप्रसाद पन्थ***

*बुटवल बहुमुखी क्याम्पस, त्रिवि, बुटवल*
*Corresponding author: panthanarayan25@gmail.com*

Received date: 01 Sept. 2024 – Accepted date: 20 Nov. 2024

## लेखसार

प्रस्तुत लेखको उद्देश्य निबन्ध शिक्षणका विधि र प्रक्रियाको उपयोगको पहिचान तथा विश्लेषण गर्नु रहेको छ । गुणात्मक अनुसन्धान पद्धतिमा आधारित यस लेखमा रुपन्देही जिल्लाका पाँचओटा विद्यालयमा नेपाली अध्यापन गर्ने दसजना शिक्षक छनोट गरी अर्धसंरचनात्मक प्रश्नावलीका आधारमा तथ्य सङ्कलन गरिएको छ । यस लेखमा द्वितीयक स्रोतका रूपमा पुस्तकालयीय कार्यबाट सैद्धान्तिक सामग्री सङ्कलन गरी उक्त तथ्यहरूको विश्लेषण गरिएको छ । शिक्षकका धारणाअनुसार निबन्धलाई भाषाशिक्षण सिकाइसँग जोड्नुपर्दछ । विद्यार्थीका शैक्षिक तथा मनोवैज्ञानिक स्तरअनुसार समयसापेक्ष रूपमा निबन्धका पाठ्यवस्तु छनोट र स्तरण गर्नुपर्ने देखिन्छ । निबन्ध शिक्षणबाट शब्दभण्डारमा वृद्धि, मौलिक तथा सिर्जनात्मक अभिव्यक्ति, पठनबोध क्षमता, शब्दप्रयोगगत विशिष्टता, विचारको प्रस्तुतीकरण, सङ्गठन, वाक्यगठन तथा अनुच्छेद गठनगत सिपको विकास गराउन सकिने भएकाले शिक्षणका क्रममा व्याख्या, छलफल, प्रश्नोत्तर, तुलना, समीक्षा, प्रतिवेदन प्रस्तुति, परियोजना, पठनबोध तथा कक्षा प्रस्तुतीकरण विधिको उपयोग गर्दै कक्षाको परिस्थिति, निबन्धको गहनता तथा विद्यार्थीका कक्षागत स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधिहरू अँगालिएको निचोड निकालिएको छ । यो अध्ययन यस क्षेत्रमा रही अन्वेषण गर्न चाहने विद्यार्थी, शिक्षक तथा अनुसन्धानकर्तालगायतलाई सैद्धान्तिक अवधारणा ग्रहण गर्न र त्यसको उपयोग गरी प्रयोगपरक विश्लेषण गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

**शब्दकुञ्जी :** कथनपद्धति, दृष्टिविन्दु, निजात्मकता, पठनबोध, भाषाशिक्षण, शिक्षण विधि र प्रक्रिया

## परिचय

निबन्ध कुनै विषयवस्तुमा आन्तरिक भावना वा बाह्य विवरण प्रस्तुत गरिएको गद्य रचना हो । यो विचारलाई अभिव्यक्तिको कसिलो संरचनामा बाँधेर प्रस्तुत गरिएको वैयक्तिक अनुभूति तथा भावना व्यक्त गरिएको आफैँमा पूर्ण शृङ्खलित, व्यवस्थित र कलात्मक गद्य रचना हो । यो जीवनजगत्का विषयवस्तुलाई आत्मपरक वा वस्तुपरक ढङ्गमा व्यक्त गरिने विचारको कलात्मक प्रस्तुति हो । प्रस्तुत लेखमा विद्यालय तहमा निबन्ध शिक्षणका विधि र प्रक्रियाको उपयोगको विश्लेषण गरिएको छ । यसमा विषय शिक्षकले दिएका साझा धारणा, शिक्षकका व्यक्तिगत धारणा र निबन्ध शिक्षणका बारेका पूर्व सैद्धान्तिक अध्ययनसमेत जोडेर विश्लेषण गरिएको छ । पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी सैद्धान्तिक ग्रन्थलाई स्रोत सामग्रीका रूपमा लिई विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । यस लेखमा निबन्ध शिक्षणका विधि र प्रक्रियाको उपयोगको अवस्था के कस्तो रहेको छ भन्ने शोधसमस्या एवम् शिक्षणको वर्तमान अवस्था पहिल्याइएको छ । निबन्ध शिक्षणका विधि र प्रक्रियाको सान्दर्भिकता के हो भन्ने प्राज्ञिक जिज्ञासामा केन्द्रित रही अध्ययन गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ । यसबाट थोरै मात्रामा चर्चा गरिएका निबन्ध शिक्षणसँग सम्बद्ध सैद्धान्तिक अवधारणाबाट निबन्ध शिक्षणका विधि र प्रक्रिया सम्बद्ध सूचना प्राप्त हुने अपेक्षा गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख अनुसन्धानको स्थलगत अध्ययनमा आधारित छ । अध्ययनका लागि रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिकामा रहेका विद्यालयहरू जनता मा.वि., कान्ति मा.वि., बुटवल मा.वि., उजिरसिंह मा.वि. र सिद्धेश्वर लालकुमारी मा.वि. गरी जम्मा पाँचओटा विद्यालयमा नेपाली विषय अध्यापन गर्ने दुई दुई जनाका दरले दसजना शिक्षक छनोट गरिएको छ । नेपाली विषय शिक्षकसँग भेटघाट गरी Blee & Tayler (सन् २००२) ले भनेझैँ अर्धसंरचना प्रकृतिको अन्तरवार्ता गरी तथ्य सङ्कलन गरिएका छन् । यस क्रममा शिक्षकका अभिव्यक्तिलाई भिडियो रेकर्ड गरी उक्त तथ्यहरूको विश्लेषण गरिएको छ । यस लेखमा अनुसन्धानको नैतिक पक्षलाई ध्यान दिई विषय शिक्षकको नाम उल्लेख नगरी सङ्केतका आधारमा उनीहरूका धारणा प्रस्तुत गरिएका छन् । छनोट गरिएका शिक्षकहरूलाई शिक्षक एक, शिक्षक दुई, शिक्षक तीन, शिक्षक चार गरी क्रमशः शिक्षक दस गरी सङ्केत गरिएको छ । सङ्केतका आधारमा निबन्ध शिक्षणका विधि र प्रक्रियाको उपयोगका बारेमा शिक्षकका धारणाका आधारमा निबन्ध शिक्षणका विधि र प्रक्रियाको उपयोगको विश्लेषण गरिएको छ । विश्लेषणात्मक विधिमा आधारित यस लेखमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी सम्बन्धित सैद्धान्तिक ग्रन्थलाई स्रोतसामग्रीका रूपमा उपयोग गरी निबन्ध शिक्षणका विधि र प्रक्रियाको उपयोगको तथ्यपरक विश्लेषण तथा निरूपण गरिएको छ ।

## सैद्धान्तिक आधार

निबन्ध अङ्ग्रेजी एस्से शब्दको नेपाली रूपान्तरण हो । निबन्ध लेखन एक प्रकारको कला हो । सिर्जनात्मक लेखनमा कलाका रूपमा निबन्ध लेखनको महत्त्वपूर्ण स्थान रहन्छ । प्राप्त ज्ञानको अभिव्यक्तिका लागि निबन्ध लेखन आवश्यक हुन्छ किनभने स्पष्ट अभिव्यक्ति, विचार एवम् तर्कको विकास र पुष्टिका लागि निबन्ध लेखनको कला सबै प्रकारका गैरआख्यानपरक लेखनमा आवश्यक हुन्छ (Warburton, 2006, P.6) । संस्कृतको 'बन्ध्' धातुमा घञ् प्रत्यय लागेर 'बन्ध' शब्दको व्युत्पादन हुन्छ र त्यही 'बन्ध' शब्दमा संस्कृतकै ' नि' उपसर्ग लागेपछि 'निबन्ध' शब्द बनेको छ । यो तत्सम शब्द हो र बाँध्नु भन्ने अर्थ दिन्छ (सुवेदी र अन्य, २०६८, पृ.५०९) । विचारात्मक निबन्धमा आउने वैचारिकताको प्रवाह सुगठित र नियन्त्रित हुन्छ । विचारात्मक निबन्धको बाह्य र आन्तरिक सङ्गठनमा सङ्गतिको योजना हुन्छ (थापा, २०४२, पृ.१९०) । विषयका आधारमा निबन्धको नामकरण गरिने र विषयबिना निबन्धको रचना गर्न नसकिने हुनाले विषयवस्तुलाई निबन्धको प्रमुख तत्त्व मानिएको छ । आत्मपरक निबन्धमा म, हामी, तँ, तिमी, तपाईं तथा हजुरजस्ता सार्वनामिक पदहरूको प्रयोग भएका हुन्छन् । स्वतन्त्र विचार र चिन्तन प्रकट हुने, बुद्धितत्त्वको सम्बन्ध हुने र गम्भीर विषयमा आधारित निबन्धलाई विचारात्मक निबन्ध भनिन्छ (सुवेदी र अन्य, २०६८, पृ. ५१०) । आत्मपरक निबन्धमा लेखकको निजी जीवन झल्किएको हुन्छ । स्रष्टाको 'स्व' बढी सक्रिय हुने र भावुकताको पक्ष प्रबल हुने निबन्धलाई भावात्मक निबन्ध भनिन्छ । यस्ता निबन्धमा हृदयका उदात्त अनुभूतिहरू र तीव्र भावनाहरूले खेल्ने अवसर पाउँछन् । वैयक्तिक निबन्धलाई आत्मपरक निबन्ध पनि भनिन्छ । आत्मकथा वा आत्मसंस्मरणको नजिक रहेर निबन्धकारको यथार्थ अभिव्यक्ति हुन्छ । विषयको वर्णनमा केन्द्रित निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ । यस्ता निबन्धमा वर्ण्य विषयलाई लेखकका अनुभूति र कल्पनाले जीवन्त बनाउँछ र बाह्य पक्षको यथार्थ चित्रण गर्ने पद्धति अँगालिएको हुन्छ (सुवेदी र अन्य, २०६८, पृ. ५१२) ।

निबन्ध लेखन कुनै विचारमा पाठकलाई विश्वस्त बनाउने कला हो । जुनसुकै विषयमा लेखिएको निबन्ध भए पनि त्यसको मूल भनेको विचार नै हो । निबन्धकारले आफ्नो विचारमा पाठकलाई सहमत एवम् विश्वस्त बनाउन विभिन्न पद्धतिको उपयोग गर्छ । यसको शीर्षकले विचारको उठान गर्दछ, त्यसैको मियोमा थप व्याख्या र विस्तार गर्दै जाँदा निबन्धको स्वरूप निर्माण हुँदै जान्छ । यो एक किसिमको कुरा गराइ र लेखकका मनका भावनालाई स्वगतकथनका रूपमा उद्घाटित गराउने विधा विशेष मात्र होइन । निबन्धमा विचारको विस्तार र व्याख्याका निम्ति तथ्य, तर्क र प्रमाणको प्रधानता भए तार्किक निबन्ध हुन्छ । वर्णन र विवरणको प्रधानता भए वर्णनात्मक एवम् विवरणात्मक निबन्ध हुन्छ । त्यसै गरी घटना सन्दर्भको प्रधानता भए कथात्मक निबन्ध बन्दछ । यसै आधारमा

निबन्धलाई तार्किक, वर्णनात्मक, विवरणात्मक एवम् आख्यानात्मक भनी वर्गीकरण गरिन्छ। निबन्ध लेखन शिक्षणमा यसको पद्धति एवम् शैलीको चर्चा अपरिहार्य हुन्छ । प्राज्ञिक एवम् अनुसन्धानपरक लेखनको आफ्नै विशिष्ट ढाँचा हुन्छ। यसको संरचना पनि निश्चित रहेको हुन्छ। यो के भन्न लागिएको छ भन्ने कुरा बताउने (परिचय), भन्न चाहेका कुरा विस्तारमा बताउने (विस्तार) र के भनियो भन्ने कुरा बताउने (निष्कर्ष) को संरचनामा लेखिन्छ। त्यसैले निबन्धको भाषिक शैलीको शिक्षण पनि आवश्यक हुन्छ। निबन्धको भाषा सरल र विशिष्ट हुन्छ । यसको प्रापक वा सम्भावित पाठकलाई ख्याल गरेर सोअनुसार भाषाको प्रयोग गरी लेखिन्छ। यसरी निबन्धको विषय कुनै कार्य, घटना तथा अविश्मरणीय यात्रा वा घटनाको विस्तारपूर्वक वर्णन गरिएको वर्णनप्रधान हुन्छ । जीवनका सुख-दुःख, हाँसो-आसु, हर्ष-विस्मात् तथा विभिन्न भावहरू व्यक्त गर्नु निबन्धको पहिचान हो । यस लेखमा यिनै सैद्धान्तिक आधारमा विद्यालय तहमा निबन्ध शिक्षणका विधि र प्रक्रियाको उपयोगको पहिचान तथा विश्लेषण गरिएको छ । यसबाट थोरै मात्रामा चर्चा गरिएका निबन्ध शिक्षणसँग सम्बद्ध सैद्धान्तिक अवधारणाबाट निबन्ध शिक्षणका विधि र प्रक्रियाको उपयोग सम्बद्ध सूचना प्राप्त हुने अपेक्षा गरिएको छ।

## नतिजा र छलफल

विद्यालय तहमा निबन्ध शिक्षणका विधि र प्रक्रियाको उपयोगको पहिचान तथा विश्लेषणमा आधारित भई तयार पारिएको यस लेखमा शिक्षकबाट सङ्कलित तथ्य तथा सैद्धान्तिक पक्षलाई समेत सूक्ष्म अन्वेषणबाट प्राप्त तथ्यको विश्लेषण गरिएको छ।

### निबन्ध शिक्षण प्रक्रियाको उपयोग

निबन्ध शिक्षणको प्रयोजन देखेका, सुनेका र पढेका कुरालाई क्रमबद्ध रूपमा वर्णन गर्ने सिपको विकास गराउनु हो। यसबाट सङ्गठित विचार व्यक्त गर्ने क्षमता, सिर्जनात्मक प्रतिभा र शब्दभण्डारगत क्षमतामा वृद्धि गराउन सकिन्छ । यसका साथै लेखाइ सिपको विकास, विषयवस्तुको सङ्गठित तथा शृङ्खलित रूपमा प्रस्तुति र विभिन्न खालका लेखन शैलीसँग परिचित गराउन सकिन्छ। यसको प्रयोजन लेखनकलाको विकास गराउनु, उखान र टुक्काको सन्दर्भपरक प्रयोग गर्ने सिपको विकास, प्रस्तुतिमा शृङ्खलाबद्धता, विचारमा स्पष्टता, उच्चारण तथा पढाइमा शुद्धता, निबन्ध पढेर आत्मसात गर्ने क्षमताको विकास गराउनु, निबन्ध सिर्जना गर्ने प्रेरणा दिनु र विषयवस्तुको वर्णन गर्न सक्ने क्षमताको विकास गराउनु रहेका छन्।

शिक्षकका साझा धारणाका आधारमा निबन्धका सारगर्भित अंशहरू सस्वरवाचन गरेर सुनाउने र विषयको परिचयपछि शिक्षकले लेख्यचिह्नको ख्याल गरी आदर्श वाचन गराएपछि एकल वाचनका अभ्यास गराउने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन्। सस्वरपठनपछि निबन्धमा अर्थका दृष्टिले कठिन शब्दको अर्थ र वाक्यमा प्रयोगका

अभ्यास गराउन सकिने भएकाले कठिन शब्द छनोट गरेर वा छनोट गर्न लगाई पाटीमा टिपोट गरेर हरेक शब्दको अर्थ भन्न लगाउने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् । विद्यार्थीले निर्माण गरेका वाक्यलाई राम्रोसँग सुन्ने र त्रुटि भएमा त्रुटिक्षेत्र बताउन र त्रुटि निराकरण गर्न लगाउने क्रममा मौनपठनका आधारमा कठिन शब्द, शब्दावलीको प्रसङ्गपूर्ण प्रयोग, प्रश्नोत्तर तथा छलफल गरी समस्याको निवारण गर्ने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् । पठनबोध शिक्षणअन्तर्गत शिक्षकले निर्धारित पाठको मौखिक रूपमा सार सुनाउने, श्रुतिबोधात्मक अभ्यास गराउने, समय तोकेर वा नतोकेर निश्चित अनुच्छेदको मौनपठन गराउने, बोधप्रश्नोत्तर र छलफल गराई निबन्धको अर्थबोध गराउने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् । मौनवाचनपछि उक्त पाठ्य निबन्धबाट स्तरअनुरूपका बोधप्रश्नहरू सोधी आवश्यक छलफल गराई निबन्धका विविध पक्षका बारेमा विद्यार्थीले ज्ञान प्राप्त गरे नगरेको जानकारीहरूको सूचना लिएर अस्पष्टताको निदान गर्ने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् । पाठ्य निबन्धको विषयवस्तुका बारेमा शिक्षकले आवश्यक व्याख्या गर्नुका साथै त्यसका विभिन्न विशेषताहरू पहिल्याउन पनि लगाएको, सारांश कथन र लेखन, भावबोध, विशिष्ट पदावली तथा पङ्क्तिको व्याख्याको अभ्यास गर्ने क्रियाकलापमा जोड दिएको, बुँदाटिपोट, सारांश, व्याख्या लेखनको अभ्यास र अनुच्छेद लेख्न लगाउने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् ।

शिक्षक एकका अनुसार पाठ सस्वरवाचन गर्न लगाउने र त्यसभित्रका कठिन शब्द, वाक्य तथा प्रसङ्ग टिपोट गर्न लगाउने र यस्ता शब्द, वाक्य वा प्रसङ्गको अर्थ वा भाव लेख्न वा भन्न लगाउने, निबन्धभित्रबाट आफूले सिकेका वाक्य भन्न लगाउने, ती वाक्य अरूलाई लेख्न लगाउने, कुनै एक शीर्षक छनौट गरी त्यसको उठान, विस्तार र समापनको ढाँचामा स्पष्ट पार्ने क्रियाकलापमा जोड दिएको, निबन्धको विषय शीर्षकसँग सम्बद्ध आवश्यक तथ्यको सङ्कलन र टिपोट, निबन्धको आदि, मध्य र अन्त्य भागमा राख्न सकिने बुँदाहरूको वर्गीकरण तथा शीर्षक चयन, बुँदाटिपोट र अनुच्छेद गठन गर्ने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् । निबन्धकारले आफ्ना विचारलाई आख्यानात्मक शैलीमा व्यक्त गर्ने हुनाले यसबाट शब्दभण्डारको वृद्धि, मौलिक तथा सिर्जनात्मक अभिव्यक्ति, पठनबोध, शब्दप्रयोगगत विशिष्टता, विचारको प्रस्तुतीकरण, सङ्गठन, वाक्यगठन र अनुच्छेदगठन जस्ता सिपको विकासमा जोड दिएको धारणा राखेका छन् । निबन्धको सामान्य सैद्धान्तिक परिचय दिएर निबन्ध शिक्षण गर्ने गरेको धारणा राखेका छन् । निबन्धकारले आफ्ना भाव, अनुभव, अनुभूति र विचारलाई कसिलो ढङ्गले व्यक्त गर्ने भएकाले यसका निम्ति निर्देशित निबन्ध लेखनका अभ्यासमा जोड दिएको धारणा राखेका छन् (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक दुईका अनुसार  निबन्ध शिक्षणका क्रममा विद्यार्थीले जानेका र सुनेका विषयमा अनुच्छेद लेख्न र भन्न लगाउने गरेको धारणा राखेका छन् । शिक्षणका क्रममा आफ्ना विचारलाई अनुच्छेदमा लेख्न लगाउँदा शीर्ष वाक्य, विस्तार वाक्यहरू र उपसंहार

वाक्यको ज्ञानसहित लेखन अभ्यासमा जोड दिएको धारणा राखेका छन् । त्यस्तै गरी निबन्धको सैद्धान्तिक संरचना आदि, मध्य र अन्त्यको ज्ञान गराउने, सस्वरवाचन गर्न लगाउने, कठिन शब्द, वाक्य तथा प्रसङ्ग टिपोट गर्न लगाउने, शब्द, वाक्य वा प्रसङ्गको अर्थ र भाव लेख्न तथा भन्न लगाउने, अनुच्छेद अनुच्छेद निर्देश गरी समूहमा पठन, श्रुतिबोधसहित बोधप्रश्नोत्तर तथा छलफलका क्रियाकलापमा जोड दिने गरेको धारणा राखेका छन् (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक तीनले निबन्धको कुनै विषयको शीर्षक दिएर वा प्रमुख बुँदाहरू दिएर लेखन अभ्यासमा जोड दिने गरेको र निबन्धको विवरणात्मक, समीक्षात्मक एवम् व्याख्यात्मक विधि अपनाउने, सस्वर तथा मौनपठन, प्रश्नोत्तर, गद्यांशको प्रसङ्गसहित व्याख्याका कार्यकलाप गराउने र लेखन अभ्यासमा जोडका अतिरिक्त श्रुतिलेखन, शुद्धसँग सार्न लगाउने तथा कठिन शब्दको निरूपण गर्ने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक चारका अनुसार निबन्ध शिक्षणको मुख्य प्रयोजन गद्यात्मक अभिव्यक्ति, बोधक्षमताको विकास र गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गराउने भएकाले आफूले यसतर्फ ध्यान दिएको, निबन्धको अभ्यास गराउँदा मौनपठन, बोधप्रश्नोत्तर, छलफल र व्याख्याको उपयोग गर्ने गरेको धारणा राखेका छन् (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक पाँचले गद्यांशको सस्वरपठन, पठनबोध, मौखिक तथा लिखित प्रश्नोत्तर, बुँदाटिपोट, व्याख्या, सारांश, भावविस्तार, सप्रसङ्ग व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान, वाक्यमा प्रयोग र श्रुतिलेखनजस्ता अभ्याससहित निर्देशित र स्वतन्त्र लेखनका प्रक्रियाहरू अपनाई अभ्यास गराउने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् (व्यक्तिगत अन्तर्वार्ता २०८१) । ।

शिक्षक छका अनुसार निजात्मक र वस्तुपरक निबन्धका विभिन्न नमुना प्रस्तुत गरेर त्यसका आधारमा प्रश्नोत्तर र छलफलद्वारा निबन्धको परिचय तथा प्रकार बताउने, आफूलाई जानकारी र रूचि भएका विषयमा निबन्ध लेख्न लगाउने र लेखिएका निबन्ध सुनाउन तथा तिनका विषयवस्तु प्रस्तुतिबारे टिप्पणी गरिदिने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक सातका अनुसार निबन्धकारले आफ्ना विचारलाई निजात्मक र वस्तुपरक रूपमा प्रस्तुत गर्ने हुनाले शिक्षकले पनि विभिन्न नमुना प्रस्तुत गरेर त्यसका आधारमा प्रश्नोत्तर तथा छलफलद्वारा निबन्धको परिचय तथा प्रकार बताउने, जानकारी र रूचि भएका विषयक्षेत्रमा निबन्ध लेख्न लगाउने र लेखिएका निबन्ध सुनाउन तथा तिनका विषयवस्तु प्रस्तुतिबारे टिप्पणी गर्ने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् । साथै निबन्ध स्वतन्त्र रचना भए पनि त्यसलाई व्यवस्थित ढङ्गले लेखाउन विभिन्न शीर्षक दिई बुँदाटिपोट,

टिपेका बुँदाको एकपछि अर्को क्रमनिर्धारण गर्न लगाई आरम्भ, मध्य र अन्त्य भागको ख्याल गरी लेखनको अभ्यास गराउने, निबन्धकारले भन्न खोजेका कुरालाई प्रभावकारी, संप्रेषणीय र रुचिपूर्ण रूपमा प्रस्तुत गर्नाका लागि योजनाबद्ध लेखनका क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक आठका अनुसार परियोजनाकार्य, घटनाअध्ययन, कक्षाछलफल र प्रस्तुतीकरणजस्ता क्रियाकलापमा जोड दिँदै शब्दार्थ र वाक्यमा प्रयोग, पठनबोध, विषयबोध, बुँदाटिपोट, व्याख्या, सारांश, प्रश्नोत्तर, अनुच्छेद लेखन र स्वतन्त्र लेखनजस्ता क्रियाकलापसहित परियोजनाकार्य, घटनाअध्ययन, कक्षाछलफल र प्रस्तुतीकरणजस्ता क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् ।

शिक्षक नौका अनुसार निबन्ध शिक्षण गर्दा शब्दार्थ र वाक्यमा प्रयोग, पठनबोध, बुँदाटिपोट, व्याख्या, सारांश, प्रश्नोत्तर, अनुच्छेद लेखन र स्वतन्त्र लेखनका क्रियाकलाप गराउन सकिने भएकाले परियोजनाकार्य, घटनाअध्ययन, निबन्धको परिचय वा विषयप्रवेश खण्ड, विस्तार खण्ड र उपसंहार खण्डका बारेमा सैद्धान्तिक जानकारी गराई सोहीअनुसार लेख्ने अभ्यासका क्रियाकलापमा जोड दिएको र विभिन्न शीर्षक दिएर बुँदाटिपोट र टिपोट गरेका बुँदाको क्रमनिर्धारण गराउने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् ।

शिक्षक नौका अनुसार आधारभूत तहमा निबन्धकारको फोटो देखाएर उनको नाम भन्न लगाई निबन्धकारको परिचय दिने गरेको र ठुला कक्षामा निबन्धकारका सम्पूर्ण पक्षको परिचय दिएर शिक्षण आरम्भ गर्ने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् । ठुला कक्षामा निबन्धकारको परिचय, पाठ्य निबन्धको कृतिगत परिचय, त्यसको सारांश र आकर्षक पक्षहरूको सङ्क्षिप्त चर्चा, निबन्धकारको परिचय, कृतिगत परिचय, विषयवस्तु, निबन्धकारसँग सम्बन्धित रोचक प्रसङ्ग प्रस्तुत गरी निबन्ध पठन र लेखनप्रति उत्प्रेरित गर्ने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् । निबन्धकारको परिचयपछि साना कक्षाका विद्यार्थीहरूलाई निबन्ध प्रबन्धप्रति रुचि जगाउन उच्चारणका दृष्टिले कठिन शब्दको शुद्ध उच्चारणका अभ्यास गराउने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक दसका अनुसार शिक्षकले कठिन शब्द टिपोट गर्दै जाने र विद्यार्थीलाई भन्न लगाई शुद्धोच्चारणको अभ्यास गराउनमा जोड दिएको र मौनवाचनका क्रममा उपयुक्त वातावरणको सिर्जना गरी अवलोकनसमेत गर्न सकिने भएकाले द्रुत मौनवाचन गराएर आइपरेका समस्याको समाधान, उच्चारण अभ्याससँगसँगै निबन्धको शैलीमा वाचन गर्न, सस्वरपठनको अभ्याससहित पहिले नमुना वा आदर्श वाचन गरी सुनाउने र त्यसपछि सस्वरवाचनको अभ्यास गर्ने क्रियाकलापमा जोड दिएको धारणा राखेका छन् (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

यसरी उल्लिखित छनोटमा परेका शिक्षकका धारणाका आधारमा निबन्ध शिक्षणको उद्देश्य कुनै वस्तुविषयको सविस्तार वर्णन विश्लेषण गर्नसक्ने तुल्याउनु हो । निबन्ध शिक्षणका उद्देश्य पाठकलाई ज्ञान दिनु, निजी भावना, कल्पना वा अनुभव बाँड्नु, सूचना प्रदान गर्नु, पक्षविपक्षमा सहमति तथा असहमति गराउनु, यथार्थ वा काल्पनिक घटनाको वर्णन गर्नु रहेका हुन्छन् । यसक्रममा निबन्धकारको परिचय, पाठ्य निबन्धका विशेषता, सम्बन्धित निबन्धको आस्वाद्य विषय, मूलभाव, शीर्षकको सार्थकता र निबन्धमा प्रयुक्त भाषाशैलीका बारेमा ख्याल गर्नुपर्ने विषय प्रस्तुत भएका छन् ।

## निबन्ध शिक्षणका विधिको उपयोग

निबन्ध शिक्षण लेखनकलासँग सम्बन्धित भएकाले शिक्षणमा विभिन्न विधिको उपयोग गर्न सकिन्छ । यस क्रममा मूल रूपमा लेखन अभ्यासलाई जोड दिनुपर्छ । भाषिक सिप विकासका अभ्यास गराउँदा सस्वर तथा मौनपठन, संरचना पहिचान, पठनबोध, प्रश्नोत्तर, छलफल तथा व्याख्यालगायतका विधिको उपयोग गर्न सकिन्छ । यहाँ शिक्षकका धारणाका आधारमा विद्यालय तहमा निबन्ध शिक्षणका क्रममा उपयोगमा ल्याउन सकिने विधिहरूको उल्लेख गरिएको छ :

शिक्षक एकका अनुसार निबन्धका बुँदाटिपोट, व्याख्या, सारांश, प्रश्ननिर्माण, शब्दको उच्चारण, अर्थबोध र प्रयोग, अनुलेखन, श्रुतिलेखन र स्वतन्त्रलेखनजस्ता क्रियाकलापमा गराइएको छ । यसक्रममा निबन्धका उपयुक्त नमुना देखाउने, विद्यार्थीलाई पढ्न वा शिक्षक आफैँले पढेर सुनाउने र कक्षाकार्यका रूपमा निबन्ध लेख्ने अभ्यासमा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक दुईका अनुसार निबन्धको हेर र लेख विधि साना कक्षाहरूमा प्रयोग हुने विधि भएकाले यसमा चित्र वा वस्तुको प्रदर्शन गर्दै आफ्नै शब्दमा अनुच्छेद लेख्ने अभ्यास गराएको र क्रमश : प्रबन्ध र निबन्धका लेखन गराउने अभ्यासमा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक तीनका अनुसार निबन्धको प्रश्नोत्तर वा प्राचीन विधिअनुसार कुनै विषय तोकिदिएर त्यससम्बन्धी विभिन्न खालका प्रश्न सोध्नका लागि विद्यार्थीहरूलाई प्रेरित गरिने भएकाले विद्यार्थीले सहजै प्रश्न नसोधेमा शिक्षकले नै प्रश्न सोध्ने, क्रमिक रूपले त्यसको उत्तर दिँदै जाने र निबन्धलाई कक्षाकार्य र गृहकार्यका रूपमा पढ्न लगाई प्रश्न सोधी अभ्यास गराउने कुरामा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

निबन्धको सूत्र विधिमा विभिन्न शैलीका नमुना दिएर सोही शैलीमा निबन्ध लेख्न लगाउने कुरामा जोड दिइएको छ । यो उच्च कक्षाहरूका निम्ति उपयुक्त विधि भएकाले विद्यार्थीहरूका लागि पाठ्य निबन्धका विभिन्न पक्षमा आधारित बुँदाहरू सूत्रका रूपमा दिने

र उनीहरूलाई ती सूत्रका आधारमा निबन्धका सम्बन्धित पक्षहरू झल्काउने गरी विस्तार गर्न लगाउने कुरामा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक चारका अनुसार दिइएका सूत्रहरूका आधारमा सामूहिक रूपमा प्रतिवेदन लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने, सूत्रका आधारमा निबन्ध रचना गर्न लगाउँदा वा निर्देशित लेखन गराउँदा सहज ढङ्गले निबन्ध लेख्ने कुरामा जोड दिइएको छ ।

स्वध्ययन वा मन्त्रणा विधि विद्यार्थीले आफैँले खोजेर वा पढेर कुनै विषयमा खास किसिमको अभिव्यक्ति दिन सक्ने विधि भएकाले शिक्षकले पाठ्य निबन्धको कुनै एउटा वा सोभन्दा बढी पक्ष तोकिदिने र विद्यार्थीहरूले स्वयम् उक्त विषयका बारेमा पढेर खोजबिन गरी आफ्ना विचार प्रकट गर्न लगाउने कुरामा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक पाँचका अनुसार निबन्धका विविध पक्षका बारेमा चर्चा भएका समालोचनात्मक कृति र सन्दर्भपुस्तक बताई दिएपछि विद्यार्थीलाई आफैँ उक्त विषयका बारेमा खोजबिन गरी अध्ययन र चिन्तन गरी पाठ्य निबन्धका विविध पक्षमा विचार प्रकट गर्न लगाउने कुरामा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षकले कुनै विषय तोकिदिएर त्यसका बारेमा आफूलाई मनपर्ने निबन्धकारको शैली अध्ययन गरी सोहीअनुसार लेख्ने अभ्यास गराउने कुरामा जोड दिइएको छ । शब्दप्रधान विधिअनुसार जुन विषयमा निबन्ध लेख्नुपर्ने हो, त्यससँग सम्बन्धित खास शब्दहरू दिएर तिनको प्रयोग गरी निबन्ध लेख्न लगाउने कुरामा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) । अनुकरण वा आदर्श विधिअनुसार शिक्षण गर्दा आदर्श रचनाको अनुवाद वा अनुकरण गरेर निबन्ध लेख्न र विचार प्रकट गर्न लगाउने कुरामा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक पाँचका अनुसार कुनै प्रसिद्ध निबन्धकारको निबन्ध पढ्न दिने वा त्यसको अवलोकन, मनन् र अनुशरण गर्न लगाउने र सोहीअनुसार निबन्ध लेख्न लगाउने कुरामा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

उद्बोधन विधिले विद्यार्थीहरूको कल्पना शक्ति बढाउने र स्वतन्त्र चिन्तन गर्ने उद्देश्य राखेको हुनाले विद्यार्थीहरूमा कल्पना शक्ति बढाउने र स्वतन्त्र चिन्तन गर्ने क्षमता विकास गराउनका निम्ति विभिन्न प्रकारका प्रश्न सोध्न प्रेरित गर्ने, प्रश्न सोध्ने र लेख्न लगाउने कुरामा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक छका अनुसार रूपरेखा विधिमा कुनै विषयमा निबन्ध लेखन गराउँदा निबन्धको सामान्य रूपरेखा दिएर त्यसका आधारमा लेख्न लगाउने र आधारभूत कक्षाहरूमा लेखाइमा क्रमबद्धता कायम गर्न उपयोगी हुनाले निबन्ध शिक्षणका क्रममा सस्वर र

मौनपठनका पर्याप्त अभ्याससँगै पठनबोधका कार्यकलाप गराउने कुरामा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक सातका अनुसार विद्यार्थीहरूलाई पाठ्य निबन्ध पढ्न लगाई सारांश बताउन, बुँदाटिपोट गर्न, प्रश्नोत्तर गर्न, विशिष्ट पङ्क्तिको अर्थ पहिल्याउन र विशिष्ट पद तथा पदावलीको अर्थ बताउन लगाउने र पठनबोध विधिमा रहेर निबन्ध पढ्न लगाई निबन्धका बुँदाटिपोट, सारांश, प्रश्नोत्तर र विशिष्ट पङ्क्तिको व्याख्या गर्न लगाउने कुरामा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक आठका अनुसार प्रतिवेदन प्रस्तुतीकरण विधिमा विद्यार्थीहरूलाई पाठ्य निबन्ध पठनपछि उक्त निबन्धसँग सम्बन्धित रहेर प्रतिवेदन लेखनका अभ्यास गराउने, विद्यार्थीले लेखेका प्रतिवेदनलाई कक्षामा वाचन गर्ने अवसर दिने र उनीहरू प्रतिवेदन लेखनप्रति उत्साहित बनाउने कुरामा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) । विभिन्न समूह बनाई व्यक्तिगत रूपमा विद्यार्थीहरूलाई पाठ्य निबन्ध पढी त्यसका विभिन्न विशेषता पहिल्याउन र सोदाहरण पुष्टि गर्न कक्षा वा गृहकार्य दिई त्यसको प्रतिवदन तयार गर्न लगाउने र कक्षामा त्यसको प्रस्तुति गराउने कार्यकलापमा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक नौका अनुसार कक्षामा छलफल र टीकाटिप्पणी गराई शिक्षकले आवश्यक सुधारसहित निष्कर्ष दिने र विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी निबन्धका तत्त्वहरूको समीक्षा गर्न लगाएर प्रतिवेदनका रूपमा कक्षामा प्रस्तुत गर्न लगाउने कुरामा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) । एउटा समूहले प्रस्तुत गरेको प्रतिवेदनका बारेमा अन्य समूहलाई टिप्पणी र सुझाव दिई स्पष्ट पार्ने, निबन्ध लेखन विधिमा माध्यमिक तहका विद्यार्थीहरूलाई पाठ्य निबन्ध पढाइसकेपछि उक्त निबन्धसँग सम्बन्धित रहेर निबन्ध लेखनका अभ्यास गराउने, विद्यार्थीले लेखेका निबन्धलाई कक्षामा वाचन गर्ने अवसर दिनाले उनीहरू निबन्ध लेखनप्रति उत्साहित बन्ने कुरामा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

शिक्षक दसका अनुसार विषयवस्तुगत र प्रस्तुतीकरणगत स्तरीयता निर्वाह गर्ने गरी नमुना निबन्ध पढ्न दिएर निर्देशित, स्वतन्त्र र सिर्जनात्मक रूपमा निबन्ध लेखनका अभ्यास गराउने, निबन्ध लेखन विधि उच्च कक्षाहरूमा निकै महत्त्वपूर्ण भएकाले सहसम्बन्ध विधिका आधारमा सबै विधिहरूको समन्वित रूप भएकाले विद्यार्थीको मनोवैज्ञानिक स्तर, कक्षा र विषयका आधारमा परिस्थितिअनुसार विभिन्न विधिहरूको समन्वय गरेर निबन्ध शिक्षण गर्न सकिने कुरामा जोड दिइएको छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) ।

यसरी शिक्षकका धारणाका आधारमा विद्यालय तहमा निबन्ध शिक्षणका क्रममा उपयोगमा ल्याउन सकिने विधिहरू निबन्ध हेर र लेख विधि, पठनबोध विधि, रूपरेखा विधि, शब्दप्रधान विधि, प्रश्नोत्तर वा प्राचीन विधि, उद्बोधन विधि, समीक्षा विधि, प्रतिवेदन प्रस्तुतीकरण विधि र सहसम्बन्ध विधिलाई उपयोगमा ल्याउने गरेको पाइयो । निबन्ध शिक्षण लेखन कलासँग सम्बन्धित भएकाले शिक्षणमा विभिन्न विधिको उपयोग गर्न सकिने र मूल रूपमा लेखन अभ्यासलाई जोड दिने गरेको पाइन्छ । भाषिक सिप विकासका अभ्यास गराउँदा सस्वर तथा मौनपठन, संरचना पहिचान, पठनबोध, प्रश्नोत्तर, छलफल तथा व्याख्यालगायतका विधिको उपयोग गरेको पाइयो ।

## निष्कर्ष

निबन्ध भाषाका माध्यमबाट अभिव्यक्त विचारको कलात्मक प्रस्तुति हो । यो निजात्मक र वस्तुपरक अनुभूतिका लागि अभिव्यक्त गरिएको गद्य विधाको गहनतम विचार हो । यसमा वैयक्तिक अनुभूति र भावनालाई व्यक्त गरिएको हुन्छ । त्यसैले यो पूर्ण शृङ्खलित र व्यवस्थित रचना हो । निबन्ध शिक्षणबाट विद्यार्थीहरूमा शब्दभण्डारमा वृद्धि, मौलिक तथा सिर्जनात्मक अभिव्यक्ति क्षमताको विकास, पठनबोध क्षमता, शब्द प्रयोगगत विशिष्टता, विचारको प्रस्तुतीकरण, सङ्गठन, वाक्यगठन र अनुच्छेद गठनगत सिपको विकास गराउन सकिन्छ । निबन्ध शिक्षणका क्रममा निबन्धको परिचय वा विषयप्रवेश खण्ड, विस्तार खण्ड र उपसंहार खण्डका बारेमा सैद्धान्तिक जानकारी गराई सोहीअनुसार लेख्ने अभ्यास गराउन सकिन्छ । सम्बन्धित शिक्षकले बताएअनुसार जटिल लागेका र निर्धारित पाठ्भारमा अध्यापन गर्न नसकिने र भाषा सिकाइसँग नजोडिएका बोझिला खालका निबन्धका पाठहरू पाठ्यक्रमको मर्मअनुसार विद्यार्थीका मनोवैज्ञानिक स्तर र सिकाइ अनुकूल हुने गरी छनोट र स्तरण गर्नुपर्ने देखिन्छ । समयानुकूल आधुनिक निबन्धका पाठहरू थपोट गर्नुपर्ने देखिन्छ । शिक्षकका धारणाका आधारमा विद्यालय तहमा निबन्ध शिक्षणका क्रममा उपयोगमा ल्याउन सकिने विधिहरू निबन्ध हेर र लेख विधि, पठनबोध विधि, रूपरेखा विधि, शब्दप्रधान विधि, प्रश्नोत्तर वा प्राचीन विधि, उद्बोधन विधि, समीक्षा विधि, प्रतिवेदन प्रस्तुतीकरण विधि र सहसम्बन्ध विधिलाई उपयोगमा ल्याउने गरेको पाइयो । निबन्ध शिक्षण लेखन कलासँग सम्बन्धित भएकाले शिक्षणमा विभिन्न विधिको उपयोग गर्न सकिने र मूल रूपमा लेखन अभ्यासलाई जोड दिन सकिन्छ । भाषिक सिप विकासको अभ्यास गराउँदा सस्वर तथा मौनपठन, संरचना पहिचान, पठनबोध, प्रश्नोत्तर, छलफल तथा व्याख्यालगायतका विधिको उपयोग गर्न सकिने निचोड निकालिएको छ । यसरी प्रस्तुत अध्ययन निबन्ध शिक्षणका विधि, प्रक्रिया र शिक्षणक्रमका क्षेत्रमा गहन अध्ययन गर्न चाहने शिक्षक, विद्यार्थी तथा अनुसन्धानकर्ताका लागि लाभदायी हुने देखिन्छ । यसै गरी पाठ्यांश निर्माण तथा परिमार्जनका सन्दर्भमा समेत उपयोगी हुने छ । साथै यस अध्ययनले निर्दिष्ट निबन्धका पाठहरूको मूल्याङ्कन गर्नसमेत सकिने आधार प्रदान गरेको छ ।

## कृतज्ञताज्ञापन

प्रस्तुत लेख तयारीका क्रममा प्रत्यक्ष रूपमा थुप्रै सहयोग प्राप्त भएका छन् । यसक्रममा विद्वान्हरूका सैद्धान्तिक लेखरचना तथा कृतिहरूको पनि उपयोग गरिएको छ । उक्त कृतिका लेखकप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसै गरी यस लेखको आवश्यक परिमार्जनका लागि गहन सुझाव उपलब्ध गराउनु भएका विषयविज्ञहरूप्रति आभार प्रकट गर्दछु । यो लेख निर्दिष्ट विद्यालयका सम्बन्धित नेपाली विषय शिक्षकको धारणाका आधारमा निबन्ध शिक्षणका विधि, प्रक्रियाको उपयोग सम्बद्ध विविध सूचना वा जानकारी लिई व्याख्या विश्लेषण गरिएकाले उहाँहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

## सन्दर्भ सामग्री

खनिया, बुद्धराज (२०७८), स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षण सम्बद्ध पाठ्य विषयहरूको छनोट र स्तरण, *विकासका निम्ति शिक्षा,* ४५(२५), १५९-१७८, https://doi.org/10.3126/bns.v45i25.59978

खनिया, बुद्धराज (२०७९), स्नातकोत्तर तहको नेपाली शिक्षाका पाठ्यांशको अध्ययन, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुरमा प्रस्तुत लघु अनुसन्धान ।

पाठ्यक्रम विकास केन्द्र (२०५५), *माध्यमिक शिक्षा पाठ्यक्रम,* २०५५ । www.cdc.gov.np

पाठ्यक्रम विकास केन्द्र (२०६४), *माध्यमिक शिक्षा पाठ्यक्रम २०६४* । www.cdc.gov.np

पाठ्यक्रम विकास केन्द्र (२०६६), *अनिवार्य नेपाली शिक्षण निर्देशिका, २०६६,* अनिवार्य नेपाली विषय स्थायी समिति ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), *नेपाली साहित्यिक रचना, २०६९,* अनिवार्य नेपाली विषय स्थायी समिति ।

पाठ्यक्रम विकास केन्द्र (२०७१), *माध्यमिक शिक्षा पाठ्यक्रम, २०७१* । www.cdc.gov.np

पाठ्यक्रम विकास केन्द्र (२०७६), *माध्यमिक शिक्षा पाठ्यक्रम, २०७६* । www.cdc.gov.np

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

Blee, K. M. & Taylor, V. (2002). Seme structured interviewing in social movement research. *In:* Bert klandermans and Suzanne straggenborge (eds.). *Methods of social movement research*. Minnacapolis : University Minnacsota Press, pp. 92 - 117.

Warburton, Nigel (2006). The Basics of Essay Writing. London and New York: Routledge Tayler and Francis Group.

सुवेदी, राजेन्द्र र लक्ष्मणप्रसाद गौतम (२०६८), *रत्न बृहत् नेपाली समालोचना,* रत्न पुस्तक भण्डार ।